छायाँनाथ रारा नगरपालिकाद्वारा प्रकाशित

# स्थानीय राजपत्र

खण्डः ७ संख्याः ३ २०८० कार्तिक २२ गते

भाग-२

छायाँनाथ रारा नगरपालिका, मुगुको

सूचना

छायाँनाथ रारा नगरपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

## संवत २०८० सालको कार्यविधि नं. ९

## छायाँनाथ रारा नगरपालिका नगर स्तरीय महिला हेल्प डेस्क स्थापना तथा कार्यान्वयन सम्बन्धि (पहिलो संशोधन) कार्यविधि, २०८०

**प्रस्तावना:** छायाँनाथ रारा नगरपालिका नगर स्तरीय महिला हेल्प डेस्क स्थापना तथा कार्यान्वयन सम्बन्धि कार्यविधि, २०७९ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी छायाँनाथ रारा नगरपालिकाले यो कार्यविधि बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यस ऐनको नाम "छायाँनाथ रारा नगरपालिका नगर स्तरीय महिला हेल्प डेस्क स्थापना तथा कार्यान्वयन सम्बन्धि (पहिलो संशोधन) कार्यविधि, २०८० रहेको छ।

(२) यो कार्यविधि स्थानिय राजपत्रमा प्रकाशन भएको मिति देखि प्रारम्भ हुनेछ।

२. **छायाँनाथ रारा नगरपालिका नगर स्तरीय महिला हेल्प डेस्क स्थापना तथा कार्यान्वयन सम्बन्धि कार्यविधि, २०७९ को प्रस्तावनामा संशोधन:** छायाँनाथ रारा नगरपालिका नगर स्तरीय महिला हेल्प डेस्क स्थापना तथा कार्यान्वयन सम्बन्धि कार्यविधि, २०७९ (यस पछि "मूल कार्यविधि" भनिएको) को प्रस्तावनामा,–

(१) प्रस्तावनाको सट्टा देहायको प्रस्तावना राखिएको छः-

"नेपालको संविधानको प्रस्तावना तथा मौलिक हकको मर्म र भावना बमोजिम महिलाको हकहित तथा अधिकारको संरक्षण, सम्वर्द्धन गर्दै समतामूलक गाँउको रुपमा विकास गर्नुको साथै प्रचलित कानूनले परिभाषित गरेको महिलालाई राजनिति, आर्थीक, सामाजिक, साँस्कृतिक एवंम शैक्षिक लगायत समग्र क्षेत्रमा पहिचान प्रतिनिधित्व र पहुँच अभिवृद्धि गर्दै विकासको मुलप्रवाहमा समावेश गर्ने सम्बन्धमा आवश्यक व्यवस्था गर्न बाञ्छनीय भएकोले,

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी छायाछयो कार्यविधि जारी गरेको छ।"

३. **मूल कार्यविधिको दफा १ मा संशोधन:** मूल कार्यविधिको दफा १ को,-

(१) उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छः-

"(१) यस कार्यविधिको नाम "नगरपालिका स्तरिय महिला हेल्प डेस्क तथा कार्यन्वयन सञ्चालन सम्बन्धी (पहिलो संशोधन) कार्यविधि, २०८०" रहेको छ।"

(२) उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छः-

"(२) यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशन पछि प्रारम्भ हुनेछ।"

४. **मूल कार्यविधिको परिच्छेद-२ मा संशोधन:** मूल कार्यविधिको परिच्छेद-२ को,-

(१) "परिच्छेद-२ कार्यविधिका लक्ष्य, उद्देश्यहरु" भन्ने शब्द झिकिएको छ।

५. **मूल कार्यविधिको परिच्छेद-३ मा संशोधन:** मूल कार्यविधिको परिच्छेद-३ को,-

(१) "परिच्छेद-३ महिला हेल्प डेस्कको गठन, काम, कर्तव्य र अधिकार" को सट्टा देहायको परिच्छेद राखिएको छः-

"परिच्छेद-२ महिला हेल्प डेस्कको गठन, काम, कर्तव्य र अधिकार"

६. **मूल कार्यविधिको दफा ४ मा संशोधनः** मूल कार्यविधिको दफा ४ को,-

(१) उपदफा (१) को खण्ड (क), (ख), (ग), (ङ) र (च) को सट्टा देहायको खण्डहरु राखिएको छः-

"(क) नगर कार्यपालिकामा निर्वाचित महीला जनप्रतिनिधि मध्येबाट एक जना -अध्यक्ष

(ख) महिला आन्दोलनमा लामो अनुभव प्राप्त महिला अगुवा मध्येबाट एक जना -उपाध्यक्ष

(ग) महिला आन्दोलनमा लामो अनुभव प्राप्त महिला अपाङ्ग अगुवा मध्येबाट एक जना -सदस्य

(ङ) महिला बर्गको हक, हित, संरक्षण र सम्बद्धनमा विशेष योगदान पुऱ्याउने संघ संस्था एवं पेशा व्यवसाय समेतको प्रतिनिधित्व हुनेगरी एक जना -सदस्य

(च) नगरपालिका को निर्वाचित नगर प्रमुखले तोकेको एक जना -सदस्य सचिव"

(२) उपदफा (३) को सट्टा देहायको उपदफा (३) राखिएको छः-

"(३) उपदफआ (१) बमोजिम गठित डेस्कमा रहेका पदाधिकारी तथा सदस्यहरुको पदावधि गठन भएको मिति देखि पाँच वर्षको हुनेछ।",

(३) उपदफा (५) को सट्टा देहायको उपदफा (५) राखिएको छः-

"......अवधिका लागि दफा ४ को उपदफा (क) (ख) र (ग) बमोजिम...."

७. **मूल कार्यविधिको दफा ५ मा संशोधनः** मूल कार्यविधिको दफा ४ को,-

(१) उपदफा (१) को खण्ड (छ) को सट्टा देहायको खण्ड (छ) राखिएको छः-

"(छ) अठाहर बर्ष पूरा भई चालिस बर्ष ननाघेको। "

७. **मूल कार्यविधिको दफा ७ मा संशोधनः** मूल कार्यविधिको दफा ७ को,-

(१) उपदफा (१) मा रहेको "समितिको बैठक हरेक १ महिनामा.." भन्ने शब्दको सट्टा देहायको शब्द राखिएको छः-

"समितिको बैठक हरेक एक महिना....."

८. **मूल कार्यविधिको परिच्छेद-४ मा संशोधनः** मूल कार्यविधिको परिच्छेद-४ को,-

(१) परिच्छेद-४ को स्ट्टा देहायको परिच्छेद राखिएको छः-

"परिच्छेद-३ समितिका पदाधिकारी तथा सदस्यहरुको काम, कर्तव्य र अधिकार"

९. **मूल कार्यविधिको परिच्छेद-५ मा संशोधनः** मूल कार्यविधिको परिच्छेद-५ को,-

(१) "परिच्छेद-५ महिला डेस्कको नीति तथा कार्यक्रमहरु" भन्ने शब्द झिकिएको छ।

१०. **मूल कार्यविधिको परिच्छेद-६ मा संशोधनः** मूल कार्यविधिको परिच्छेद-६ को,-

(१) परिच्छेद-६ को सट्टा देहायको परिच्छेद राखिएको छः-

"परिच्छेद-४ समितिको कोष"

११. **मूल कार्यविधिको परिच्छेद-७ मा संशोधनः** मूल कार्यविधिको परिच्छेद-७ को,-

(१) परिच्छेद-७ को सट्टा देहायको परिच्छेद राखिएको छः-

"परिच्छेद-५ कार्यालय, कर्मचारी व्यवस्थापन, छाप"

**१२. <u>मूल कार्यविधिको १४ मा संशोधनः</u>** मूल कार्यविधिको १४ को,-

(१) दफा १४ को उपदफा (१) को खण्ड (घ) को उपखण्ड (१) र (२) को सट्टा देहायको शब्द राखिएको छः-

"(१) सामाजिक परिचालक एस जना एस.एल.सी. वा आइ.ई.डी. उर्तीण भई विभिन्न महिला आन्दोलनमा लामो कार्य अनुभब लिएको र महिला सबन्धी काम गर्ने संस्थामा सामाजिक परिचालकको काम गरेको,

(२) कार्यलय सहयोगी  एक जना आठ कक्षा उर्तीण भएको।" भन्ने शब्द राखिएको भनि प्रस्ताव गरिएको छ"

**१३. <u>मूल कार्यविधिको परिच्छेद-८ मा संशोधनः</u>** मूल कार्यविधिको परिच्छेद-८ को,-

(२) परिच्छेद-८ को सट्टा देहायको परिच्छेद राखिएको छः-

"परिच्छेद-६ विविध"

**१४. <u>मूल कार्यविधिको १५ मा संशोधनः</u>** मूल कार्यविधिको १५ को,-

(२) दफा १५ को उपदफा (१) र (२) को सट्टा देहायको शब्द राखिएको छः-

"(१) नगरपालिका स्तरिय महिला हेल्प डेस्क तथा कार्यन्वयन सञ्चालन सम्बन्धी (पहिलो संशोधन) कार्यविधि, २०८० को संशोधन गर्न आवश्यक भएमा डेस्कले तयार गरी नगरपालिका प्रमुख समक्ष पेश गर्नु पर्छ।

(२) प्रस्तावित संशोधन प्रस्ताव उपयुक्त लागेमा नगरपालिका प्रमुखले कार्यपालिकामा पेश गरी कार्यपालिकाले स्वीकृत दिएपछि मात्र नगरपालिका स्तरिय महिला हेल्प डेस्क तथा कार्यन्वयन सञ्चालन सम्बन्धी (पहिलो संशोधन) कार्यविधि, २०८० संशोधन भई कार्यन्वयन हुनेछ।"

**१५. <u>रुपान्तरः</u>** मूल कार्यविधिमा रहेका "पर्नेछ" शब्दको सट्टा "पर्छ" शब्द राखिएका छन।

निर्णय भएको मितिः २०८०/०७/२२

आज्ञाले,
पशुपती शाही
नि.प्रमुख प्रशासकीय अधिकृत